# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, कात्तिक ४ गते २०५६ साल (संख्या २७


## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) को प्रयोजनको लागि सार्वजनिक पद धारण गरेका देहायका व्यक्तिले खण्ड ५२, संख्या १९, सम्वत् २०५६ भदौ ३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा तोकिएको ढाँचामा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेश गर्ने प्रयोजनको लागि सोही सूचनाको क्रमसंख्या १० पछि देहाय बमोजिमका १०क. र १०ख. थप गरी देहाय बमोजिमको निकाय तोकेको छ।

| | |
|---|---|
| १०क, लेखापरीक्षण सेवाका कर्मचारी | महालेखा परीक्षकको विभाग |
| १०ख. विशेष सेवाका कर्मचारी | प्रहरी किताबखाना |

आज्ञाले,

टीकादत्त निरौला

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## संसद सचिवालयको सूचना

राष्ट्रिय सभामा मनोनीत सदस्य श्री दीप्तप्रकाश शाहले मिति २०५६।५।२० मा आफ्नो पदबाट राजीनामा दिनु भएकोले राष्ट्रिय सभा नियमावली, २०५५ को नियम १९६ को उपनियम (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
राधेश्याम भट्टराई
सचिव
राष्ट्रिय सभा



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।